# माहुरी जिन्दगी

प्रथम स्थान

**जीवन खत्री**
**रामेछाप, माकादुम, ५ खत्रीगाउँ**
**khatri.jiban@gmail.com**

घारको चाका रित्तो देखेको दिन
आफ्नै मुटुको रङ निचोरेर मुछेको हुँ, आँशुमा अक्षता
र निधारमा लगाएर आफ्नै माटोको टिका
उडेको हुँ, फूलबारी खोज्दै।

सोचेथेँ,
बगाउनेछु, रगतझैं पसिनाको नदी
जमाउनेछु, थोपा थोपा फूलको रस
र भर्नेछु, घरको घारभरि महको उज्यालोले

जब ओर्लिएँ यहाँ, मलाई ल्याउने हावाको बिमानबाट
तब देखें, नुनिलो आँशुनै आँशुको सागर
रोबटको जाँघेमुनिबाट उदाउदैं गरेको घाम
अत्तर छर्केर फुलिरहेका कागजका फूलहरू
मेशिनको मुटु लिएर बाँचिरहेका मानवहरू

हो त्यही समय हो,
आकाशबाट एउटा चम्किलो तारा खसेको।
सपनाको चङ्गा हातबाट फु◌ुस्किएको।

हेर्छु हृदयको आँखाले, केही देख्दिन्,
खै? गुम्बाको शान्ति बोकेर ओछ्यानमै भेट्न आउने घाम?
खै? मन्दिरको आरती झुल्काएर हाँस्दै हिँड्ने जून?
क्षयरोगले समेत क्षय गर्न नसकेको
बा-आमाको मुस्कान, खै?
खै? आफैं गुच्चा भईदिने
भञ्ज्याङको सिमली भुवाझैं साथी-संगी?
कुवाको पानीझैं गाउँलेहरूको सङ्लो हृदय, खै?

बिपनामै पनि जब ब्यूँझन्छु, आँखैभरि देख्छु,
बालुवामा धसिदैं, रगत चुहिँदै गरेका मुटुहरू
सपनाको वतन हराएर अल्मल्लिरहेका पागल बाटाहरू

हृदय भत्केर अग्लिएका अग्ला महलहरू
अक्सिजन च्यापिएर उदाउँदै गरेका च्याम्बरहरू
मृत्युको साईरन बजाउँदै गरेका मेशिनहरू
काठको बाकस बनाउँदै गरेका कारखानाहरू

अहो,
कसरी बेच्नु यहाँ, सगरमाथाको स्वाभिमान?
र हामफाल्नु घामसँगै अस्ताउने सुर्यमुखि फूलमा।

भैगो, फर्किन्छु आफ्नै आमाको काँख,
अनेकौं धून टिपेर फूलको
फुलाउँछु, करेसाबारीमै ढकमक्क पसिना।
जमाउँछु, घैलाभरि विश्वासको रस।
र भर्छु, देशकै घारको चाकाभरि सपनाको मह।

हो त्यो समय
म भन्दा धेरै रमाउने कोही हुनेछ भने
त्यो आमाको चम्किलो ओठ
या आफ्नै माटोको अनुहार हुनेछ।

# शिर्षक ;रङ्गिन बचेराहरू

द्धितीयस्थान
**प्रमोद गौतम**
**पर्वत**
pramodbabu**30**@gmail.com

हरियो वृक्षको एक हाँगामा
लगाएकी थिएँ गुँड मैले
आफ्नै अस्तित्व तिमीमा देख्न
र बसेकी थिएं ओथारो
जोगाउंदै हुरी र असिनाबाट
चर्को घाम र शीतबाट
सुन्दर फुलमा फूलजस्ता
तिमीहरू लुकेका छौ भनेर
मेरो मन पुलकित हुन्थ्यो
र,कोरलेकी थिएँ युगल जोडी

चीलको निष्ठुर चुच्चो जब खोज्थ्यो झम्टिन
लोखर्के,बिरालो, स्याल र सांपहरू
जब खोज्थे तिमीलाई आहारा बनाउन

ओ मेरा रङ्गीन बचेराहरू,
हो मैले लडेर जोगाएँ तिम्रो जीवन
हो, मैले बचाएँ तिम्रो प्राण
किनकि मलाइ तिमीहरूको
कोमल शरीरको स्पर्शले अपार आनन्द दिन्थ्यो
कलिलो मुटुको सुन्दर ढुक्ढुकीले
जीवनको गीत गाएको हुन्थ्यो

वन, कन्दरा, बिस्कुन र मैदान
तिम्रो लागि चारो जुटाउन
जब उडेकी हुन्थेँ म
तिम्रा बढ्दै गरेका सुनौला प्वांख सम्झँदै

संङ्गै उड्ने सपना देख्थेँ मैले

प्यारा बचेरा हरू
सुन त, आमाहरू सपना देख्छन् नि

दिन्दिनै बढ्दै जाँदा तिम्रो

पंखेटाको आयतन
स्फुर्ति शरीरमा,
जिग्यासा मगजमा
र जिम्मेवारी जीवनमा
ओ रङ्गीन बचेरा,तिमीले सुनेछौ समुद्र पारीको कथा

बांधेर आफ्ना सुनौला पङ्ख
जोडेर फलामको भीषण पँखेटा
आमाको लागि चारो खोज्न
त्यति टाढाको उडान कसरी गर्यौं?

एक दाना चारो च्यापेर गुँडमा फर्किंदा
रित्तो थियो गुँड
समुद्रपारी पिँजडामा थुनिएका
ओ प्यारा बचेरा,
एक पटक तिमी सङ्गै
इन्द्रेणी लागेको आकाशमा उड्न मन छ
छिटै फर्क है?

# विशाल नेपाल

तृतीयस्थान
**सुरेश सिंह सम्बाहाङ्फे**
**मोरङ**
nayanrai**56**@yahoo.com

**भुगोलको मानचित्र**
**गिजिङ-मिजिङ केरमेटिएका नक्शाहरु**
**साना-ठुला आकारमा**
**छताछुल्ल पोखिएका अङ्सहरु आफ्ना-आफ्नै**
**तर,एउटा चोइटा**
**साना दुखले आर्ज्या मुलुक हैन**
**पुर्खाका बिरताका ती चाङ्हरु**
**पसिनाका भेल ती नदि-नालाहरु**
**कहि झिलिमिली**
**कहि अधेरी**
**ती गाउँ,बजार,शहरहरु**
**तराइका ती समतल फाटहरु**
**भुगोलमा ठिङ्ग्रीङ्ग उभेर मेरुदण्ड बनेका पर्बतहरु**
**फरफरिएर चन्द्र-सुर्य पहिचान झल्कैरहेका हिमालहरु**
**अनि,**
**लाजका रङ्गिन घुम्टो ओढि मसक्क मुस्कुराका लालिगुरासहरु**
**कम्मर भाची चौतारिमा घिन्ताङ-घिन्ताङ डाफे मुनालहरु**
**एउटा प्रतिबिम्ब खिचिन्दै तालहरुमा**
**डुङ्गा खेल्ने माझी दाइ प्राक्रीतिक मौलिक्तामा**
**शिरमा ढाका टोपी र दौरा सुरुवालको तुना कस्दै**
**लोकदोहोरिमा गुङ्नाउछ**
**हो म त्यो देशको मान्छे हु ,म नेपाली हु**

**यी रङ्गहरु,काला गोरा मान्छेहरुका**
**आदिबासी,दलित,मधेसी,बाहुन-क्षेत्री**
**फुलबारी एउटै आगनका,सन्तान एउटै आमाका**
**रमाइरहेका छन सिङ्गारेर कर्महरु**
**भिन्न-भिन्न जाती,भासा,सस्कृतिको**
**कोहि च्याब्रुङ बजाउछन**
**कोहि झ्याम्टा बजाउछन**
**कोहि ढ्याङ्ग्रो बजाउछन**
**कोहि सनाई,धतुरो बजाउछन**
**स्पर्श मुटुमा कुटुक्कै,एउटै तरङ्गिन्छन हर धुनहरु**
**चार वर्ण छत्तिस जातको फुलबारी**
**हो म त्यो देशको मान्छे हु, म नेपाली हु**

**सहिदका रगतहरु काली गण्डकी**
**लुकामारी खेल्दै उफ्रीन्छन ती असलाहरु**
**थकाइ मार्छन बकुल्लाहरु,किनार रुङ्गेर जवानी फ्याकेर**
**बगेर टिस्टा कहाँ थुप्रीयो,छानेर बालुवा छान्दै कर्णाली**
**नभेटिएला यहाँ सुनचादी हिरामोती**
**तर,**

चारकोशे झाडिहरु ,सन्जिवानिका बुट्टाहरु
बिखुमा,चिरेतो,बोझो
अनि,ती यार्सा गुम्बाहरु
ती रुद्राक्षहरु,यी बोदिचितहरु
बगैंचा छ रमणिय भमराको ताती
लुछ्न खोज्छन गिद्धहरु साकाहारिका सिरख ओढेर
घिटघिटिएको नाजुक्तामाथी
कहिले तराइ,कहिले पहाड,कहिले हिमाल
झुक्दै नझुक्ने मेरो सगरमाथाको देस
हो म त्यो देशको मान्छे हु ,म नेपाली हु

झरनाहरु,ब्युझाउदै बस्तिहरुलाई
सुनौलो छिटाहरु पोकली हयात्रङ्मा
नाइगरा फल्स फिक्का-फिक्का
गगनचुम्बी स्तम्भ त्यो इफिल टावर
ढलेर पो स्तब्ध छौ त्यो धरहरा
उभिएकै छ हजारौ आश्थाहरु
खाल्टो रे अजिब रहस्यको सिमा हम्पबोल्टको प्रसङ्शा
के कति खोट छ ? महेन्द्र गुफा चमेरो गुफामा
नमुना मिसाइलको बस्ती पेण्टागन बुर्ज खालिफाहरु
झुकाएर घोडा टेकाउदै आखाको नाम्री तान्दै
अर्धनग्न कुदिएका हस्तकला मठमन्दिरहरु
प्राकुतिक र प्राचिन्ताको धनाढ्य
हो म त्यो देशको मान्छे हु ,म नेपाली हु

गौतम बुद्ध,बिछ्याएर बिस्कुन शान्तिका पाइलाहरु
कुना,खोन्जहरुमा यो भुगोलको
सन्देश ओसार-पसार गर्ने ती डाक परेवाहरु
रजिस्टर ती प्वाखहरु
औठाको चक्र बाल्मिकिका
सायद,सेक्सपियर रन्थनिएर पश्चातापमा
कालिदाशका श्लोक पढेर
इतिहासमा कुदेकै छन भृकुटी,सीता,अरनिको
पहिचान घमण्डता विस्वसामु
सिरुपाते खुकुरी नाचेकै हो,गोला बारुदको सामु
अमर ती बलभद्र,अमरसिङ कालापानीमा
हो म त्यो देशको मान्छे हु , म नेपाली हु

सुन्दर,शान्त,विशाल हाम्रो देश नेपाल